# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली,
## सुदूरपश्चिम प्रदेश, नेपाल

**नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन् तथा संकलन र बिक्री सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०९।०९)**

टीकापुर नगरपालिकाको तपसिल बमोजिमको आन्तरिक आयको ठेक्का बन्दोबस्त बोलपत्रका माध्यमबाट गराउनु पर्ने भएको हुँदा मिति २०८२।०९।०९ गतेका दिन सबै योग्य बोलपत्रदाताहरुको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२।१०।०९ गते दिनको १२:०० बजेसम्म कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रुपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

तपसिलः

| क्र. सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् तथा संकलन गर्ने कूल नदीजन्य पदार्थको परिमाण (घनमिटर) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुररु. | धरौटी रकम | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | TMO/NCB/IR/25/2082/083 | कर्णाली नदीको तोकिएका क्षेत्रहरु (दौलतपुर मसानघाट, टी.न.पा., वडा नं.५ र सत्ति बनगाउँ घाट, टी.न.पा., वडा नं.८ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री | २०,०३७.३६ | ४२,४७,९२१।- (अक्षरेपि बयालिस लाख सतचालिस हजार नौ सय एक्काइस मात्र) | ३,०००।- (अक्षरेपि तीन हजार मात्र) | कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | २०८२।१०।०९ (23 Jan.2025) दिनको २:०० बजे |
| २ | TMO/NCB/IR/26/2082/083 | कर्णाली नदीको तोकिएका क्षेत्रहरु (साईपुर घाट, टी.न.पा., वडा नं.५ र पुरानो मसानघाट, टी.न.पा., वडा नं.७ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री | २४,१२०.८७ | ५१,१३,६२५।- (अक्षरेपि एकाउन्न लाख तेह्र हजार छ सय पच्चिस मात्र) | ३,०००।- (अक्षरेपि तीन हजार मात्र) | कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशत | २०८२।१०।०९ (23 Jan.2025) दिनको २:०० बजे |

विस्तृत जानकारीको लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेवसाइट www.tikapurmun.gov.np मा राखिएको विस्तृत सूचना हेर्नु हुन वा यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# BIDDING DOCUMENT

## नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र बिक्री सम्वन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना

ठेक्का नं.: TMO/NCB/IR/25/2082/083

ठेक्काको नाम : कर्णाली नदीको तोकिएका क्षेत्रहरु (दौलतपुर मसानघाट, टी.न.पा., वडा नं.५ र सत्ति वनगाउँ घाट, टी.न.पा., वडा नं.८ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री सम्वन्धी ठेक्का

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।०९।०९

**Issued By :**

Tikapur Municipality
Office of the Municipal Executive
Tikapur, kailali
Sudurpaschim Province, Nepal .
Tel. No. 091-560118

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् , संकलन र बिक्री सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।०९)**

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६), सोही ऐनको दफा ६२क (१), ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०, टीकापुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७, टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १७ र सो सँग सम्वन्धित अनुसूची १५, टीकापुर नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिका क्षेत्रबाट बग्ने कर्णाली नदीको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन र विक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्न टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर १०७०३००००१००१००००१ मा बोलपत्र दस्तुर राजस्व शिर्षक नं.१४२२९ मा रकम जम्मा गर्नु पर्नेछ । बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००३००००००००१ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र वेबसाईट www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी, वेबसाईट www.tikapurmun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपसिलः-

| क्र. सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् तथा संकलन गर्ने कूल नदीजन्य पदार्थको परिमाण (घनमिटर) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | TMO/NCB/IR/25/2082/083 | कर्णाली नदीको तोकिएका क्षेत्रहरु (दौलतपुर मसानघाट, टी.न.पा., वडा नं.५ र सत्ति बनगाउँ घाट, टी.न.पा., वडा नं.८ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री | २०,०३७.३६ | ४२,४७,९२१।- (अक्षरेपि बयालिस लाख सतचालिस हजार नौ सय एक्काइस मात्र) | ३,०००।- (अक्षरेपि तीन हजार मात्र) | २०८२।१०।०९ (23 Jan.2025) दिनको २:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

ठेक्का सम्बन्धी सर्तहरुः-

१. इच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले E-Bid मार्फत बोलपत्र फाराम पेश गर्दा कम्पनी दर्ता प्रमाण पत्र, मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी तोकिएको बोलपत्र सम्बन्धी कागजातको दस्तुर नगदै रु.३,०००।- (पछि फिर्ता नहुने गरी) यस टीकापुर नगरपालिकाको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर १०७०३००००१००१००००१ मा जम्मा गरी भौचर तथा माथि उल्लेखित कागजात स्क्यान गरी मिति २०८२।१०।०९ गते मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु पर्नेछ ।

२. E-Bid मार्फत बोलपत्र दाखिला गर्न बोलपत्रदाताहरुले कबोल रकम (मू.अ.कर सहित) को ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको धरौटी खाता नम्बर १०७०३००००३००००००००१ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

३. तोकिएको समय भित्र E-Bid मार्फत पेश भएका बोलपत्रहरु टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधि र उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा मिति २०८२।१०।०९ गते दिउँसो २:०० बजे खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

५. बोलपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नामबाट दाखिला गर्नु पर्नेछ । कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. प्रि-बिड बैठक २०८२।०९।२८ गते दिउँसो १:०० बजे यस कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी प्राप्त गर्न सकिनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्रदाताले सम्झौता गर्न आउँदा कबोल रकममा लाग्ने पुरै कर रकम (मू.अ.कर र अग्रिम आय कर) दाखिला गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ । साथै कबोल रकम २ (दुई) किस्ता गरी यस कार्यालयलाई बुझाउनु पर्नेछ । पहिलो किस्ता कबोल रकमको ५० (पचास) प्रतिशत र दोस्रो किस्ता कबोल रकमको ५०(पचास) प्रतिशत हुनेछ । पहिलो किस्ता बापतको ५० प्रतिशत रकम सम्झौता हुनु अगावै र दोस्रो किस्ता बापतको ५० प्रतिशत रकम २०८३ जेठ मसान्तसम्म बुझाउनु पर्नेछ । पहिलो किस्ता नगदै र दोस्रो किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको २०८३ साल श्रावण मसान्त सम्म मान्य अवधि भएको पर्फमेन्स वण्ड (बैंक ग्यारेन्टी) सम्झौता हुनु अगावै पेश गर्नु पर्नेछ ।

९. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन यस कार्यालय बाध्य हुने छैन ।

१०. बोलपत्रदाताले नदीजन्य पदार्थ उत्खनन् तथा संकलन हुने घाटगद्दी स्थल सम्बन्धी खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ र कर संकलन गर्ने दर प्रति घनमिटर मू.अ. कर बाहेक रु.२१२।- (अक्षरेपि दुई सय बाह्र मात्र) हुनेछ । उक्त रकममा मू.अ.कर थप गरी कर संकलन गर्नु पर्नेछ । मू.अ.कर बाहेकका अन्य कर तथा दस्तुर तिर्नुपर्ने भए ठेकेदार स्वयंले तिर्नु पर्नेछ ।

११. यस ठेक्काको अवधि ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ । २०८३ आषाढ महिना भर नदीबाट उत्खनन् गर्न पाईने छैन तर उत्खनन् तथा संकलन भएका नदीजन्य पदार्थ मौज्दात प्रमाणित गराई बिक्री वितरण गर्न प्रतिबन्ध लगाईने छैन ।

१२. ठेक्का अवधि भर बोलपत्रदाताले ठेक्का तोड्न पाउने छैन । बिचैमा बोलपत्रदाताले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० (दश) प्रतिशत ब्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीका लागि ठेक्का वा अन्य ब्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि ठेक्का तोडनु पूर्वको बोलपत्रदाताबाट असुल उपर गरिनेछ ।

१३. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको परिमाण र क्षेत्रभित्र मात्र सिमित रही नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ । सो तोकिएको परिमाण तथा क्षेत्र भन्दा बाहिर गई नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

१४. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन समय बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । साथै बिहान सूर्योदय भन्दा अगाडि र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

१५. सडक, पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन र तोकिएको स्थानबाट तोकिएको मापदण्ड भन्दा गहिरो नहुने गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा नदीजन्य पदार्थ मात्र ओसार पसार गर्नु पर्नेछ ।

१६. नदी, खोलाको घाट वा आकृति बिग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा, गिट्टी, बालुवा झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमति लिनु पर्नेछ । नगरपालिकाको अनुमति नलिई ठुला मेसिन/ उपकरण प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

१७. यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा तोकिएको कर्णाली नदी किनाराका देहायका २ (दुई) वटा घाटगद्दी स्थलहरु बाहेक अन्य स्थानबाट यस ठेक्का बमोजिमको ठेकेदार पक्षले नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन । यसरी घाटगद्दी स्थल तोकिएको स्थान बाहेक अन्यत्रबाट नदीजन्य पदार्थहरु (ढुंगा,गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन गरेको पाईएमा जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ ।

१८. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम ढुंगा,गिट्टी,बालुवा उत्खनन् तथा संकलन गर्न तोकिएका २ (दुई) वटा घाटगद्दी स्थलहरुको अवस्थिति तथा विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिलः-

| क्षेत्र | स्थानीय घाटको नाम | उत्खनन् तथा संकलन गरिने बस्तु | जि.पि.एस अवस्थिति मध्ये विन्दु | उत्खनन् तथा संकलन परिमाण (घ.मि.) |
|---|---|---|---|---|
| साइट१ | दौलतपुर मसानघाट, टी.न.पा., वडा नं.५ (संकेत नं.T51) | ढुंगा, गिट्टी तथा बालुवा | अक्षांश : २८°२८'५४.८९"<br>देशान्तर : ८१°०७'४५.४८" | ६,९३२.६४ |
| साइट२ | सत्ति बनगाउँ घाट, टी.न.पा., वडा नं.८, (संकेत नं.T71) | ढुंगा, गिट्टी तथा बालुवा | अक्षांश : २८°२६'१२.३८"<br>देशान्तर : ८१°४'५३.३०" | १३,१०४.७२ |
| कुल साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन परिमाण (घनमिटर) | | | | २०,०३७.३६ |

नोट: श्रोत - प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination) अनुसार ।

१९. ठेकेदारले कर संकलन गर्ने स्थानमा कर संकलन गरिने नदीजन्य पदार्थहरुको मूल्यसहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । साथै नदीजन्य पदार्थ संकलन गर्ने घाटमा समय र परिमाण खुल्ने गरी होर्डिङ्ग वोर्ड ठेकेदार स्वयंले राख्नु पर्नेछ । यसरी उत्खनन् तथा संकलन गरेको परिमाणको विवरण मासिक रुपमा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२०. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र ढुवानीको लागि प्रयोग हुने सडकहरुमा खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ । सो बापतको खर्च दावी गर्न पाईने छैन ।

२१. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाईएको पाईएमा कानून बमोजिम कारवाही हुनेछ ।

२२. ठेकेदारले प्रत्येक महिनामा उत्खनन् तथा संकलन गरेको नदीजन्य पदार्थको परिमाणको लिखित जानकारी यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै सोही समयमा यस कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नु पर्नेछ ।

२३. ठेकेदारले ढुंगा,गिट्टी,बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी कानूनमा तोकिएको मापदण्ड बमोजिम उत्खनन, संकलन तथा बिक्री परिमाणको दैनिक अभिलेख राख्नु पर्नेछ । साथै यस कार्यालय वा सरोकारवाला अन्य निकायबाट अनुगमन हुँदा उक्त अभिलेख देखाउनु पर्नेछ ।

२४. विपद् व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि यस नगर कार्यपालिकाको कार्यालयले आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी मर्मत गर्न सक्नेछ । उक्त कार्यको लागि कुनै किसिमले बाधा पर्नेछैन ।

२५. ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसारको परिमाण सुदूरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा यस कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

२६. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुंगा,गिट्टी,बालुवा आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२७. ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२८. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनु पर्नेछ ।

२९. ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ ।

३०. ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानित व्यवहार गर्नु पर्नेछ । यस कार्यालय र ठेकेदार बिच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए/ नगरेमा यस कार्यालयले जुनसुकै समयमा पनि ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ ।

३१. ठेकेदारले ढुंगा,गिट्टी,बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन सहित) मापदण्ड,२०७९ पालना गर्नु पर्नेछ ।

३२. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार टीकापुर नगरपालिकामा सुरक्षित रहनेछ ।

३३. ठेकेदारले नेपाल सरकार वा प्रदेश सरकार मातहतका कार्यालय तथा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै यस कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस टीकापुर नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

३४. यसमा उल्लेख भएको विषय यसै बमोजिम र उल्लेख नभएको यस ठेक्का सम्बन्धी अन्य कुरा ठेक्का सम्झौता पत्र, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०, रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२०, टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**LETTER OF BID** :

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति.......................

टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

टीकापुर, कैलाली ।

बिषय: बोलपत्र प्रस्ताव पेश सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८२।०९।०९ मा प्रकाशित सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्त अनुसार गर्ने गरी आ.व.२०८२/८३ को तोकिएको अवधि (ठेक्का सम्झौता भएको मिति देखि २०८३ जेष्ठ मसान्तसम्म) का लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा कर्णाली नदीको तोकिएका क्षेत्रहरु (दौलतपुर मसानघाट, टी.न.पा., वडा नं.५ र सत्ति बनगाउँ घाट, टी.न.पा., वडा नं.८ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री सम्बन्धी ठेक्का नं. TMO/NCB/IR/25/2082/083को लागि मू.अ.कर बाहेक रु...................................(अक्षरेपि.............................................................................मात्र) कबोल गरी यसै साथ संलग्न रहेको बोलपत्र प्रस्ताव पेश गरेको छु ।

**बोलपत्रदाताको विवरण**

आधिकारिक व्यक्तिको नाम :

फर्मको नाम: रजिष्टर्ड नं.:

प्रोप्राइटरको नाम : ठेगाना:

आधिकारिक दस्तखत: फर्मको छाप:

इमेल ठेगाना: सम्पर्क नं.:

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिमप्रदेश, नेपाल

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन तथा बिक्री सम्बन्धी कार्यको लागि कबोल गरेको रकमको विवरण :**

| आन्तरिक आय ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् तथा संकलन गर्ने कूल नदीजन्य पदार्थको परिमाण (घनमिटर) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) रु. | कबोल रकम ( मू.अ. कर बाहेक) रु. | | धरौटी रकम (मू.अ.कर सहितको कबोल अंकको ५ प्रतिशत) रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| TMO/NCB/IR/25/2082/083 | कर्णाली नदीको तोकिएका क्षेत्रहरु (दौलतपुर मसानघाट, टी.न.पा., वडा नं.५ र सत्ति बनगाउँ घाट, टी.न.पा., वडा नं.८ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री | २०,०३७.३६ | ४२,४७,९२१।- (अक्षरेपि बयालिस लाख सतचालिस हजार नौ सय एक्काइस मात्र) | | | | |

*ठेक्काका सर्तहरु अध्ययन गरी उल्लेखित सर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरी बोलपत्र पेश गरेको छु । साथै आफु कुनैपनि ठेक्कापट्टा सम्बन्धी कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित ठेक्कापट्टा कारबाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु भनी हस्ताक्षर गर्ने .................*

फर्म (बोलपत्रदाता) को नाम र ठेगाना :-

प्रोप्राईटरको नाम, थर :-

आधिकारिक व्यक्तिको दस्तखत :-

इमेल ठेगाना :-

रजिष्टर्ड नं.:-

फोन/ सम्पर्क नं. :-

फर्मको छाप :-

मिति:-

संलग्न गर्नुपर्ने कागजातहरु:-

१. फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. बोलपत्र  खरिद गरेको रसिद, धरौटीको सक्कल भौचरको स्क्यान प्रति वा बैंक ग्यारेन्टी (विड वण्ड) प्रति ।

३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. अख्तियारीनामा र स्व-घोषणा पत्र ।

५. LETTER OF BID

नोट : अन्य कुनै थप कुरा वा विवरण भए पेश गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
# नगर कार्यापालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

# BIDDING DOCUMENT

## नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र बिक्री सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना

ठेक्का नं.: TMO/NCB/IR/26/2082/083

ठेक्काको नाम : कर्णाली नदीको तोकिएका क्षेत्रहरु (साईपुर घाट, टी.न.पा., वडा नं.५ र पुरानो मसानघाट, टी.न.पा., वडा नं.७ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री सम्बन्धी ठेक्का

प्रथम पटक सूचना प्रकाशन मिति : २०८२।०९।०९

**Issued By :**

Tikapur Municipality
Office of the Municipal Executive
Tikapur, kailali
Sudurpaschim Province, Nepal .
Tel. No. 091-560118

# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

**नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन् , संकलन र बिक्री सम्बन्धी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः- २०८२।०९।०९)**

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (घ) को उपखण्ड (६), सोही ऐनको दफा ६२क (१), ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०, टीकापुर नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ को दफा ५७, टीकापुर नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १७ र सो सँग सम्बन्धित अनुसूची १५, टीकापुर नगरपालिकाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन र बोलपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि यस नगरपालिका क्षेत्रबाट बग्ने कर्णाली नदीको तोकीएका क्षेत्रहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी र बालुवा) उत्खनन्, संकलन र बिक्री सम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले न्यूनतम ठेक्का अंकमा नघट्ने गरी विद्युतीय बोलपत्र (E-Bid) आह्वानको सूचना प्रकाशित गरिएको छ । बोलपत्र खरिद गर्न टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर १०७०३०००००१००१००००००१ मा बोलपत्र दस्तुर राजस्व शिर्षक नं.१४२२९ मा रकम जम्मा गर्नु पर्नेछ । बोलपत्र पेश गर्न बोलपत्रदाताहरुले कबोल अंक (मू.अ.कर सहित) को ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस कार्यालयको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको धरौटी खाता नं. १०७०३००००००३०००००००००१ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ । यो ठेक्काको ठेक्का अवधी ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ । बोलपत्र खरीद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ । यो बोलपत्र वेबसाईट www.bolpatra.gov.np/egp मा हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागि यस कार्यालयको सूचना पाटी, वेबसाईट www.tikapurmun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपसिलः-

| क्र. सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् तथा संकलन गर्ने कूल नदीजन्य पदार्थको परिमाण (घनमिटर) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मू.अ. कर बाहेक) रु. | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | TMO/NCB/IR/26/2082/083 | कर्णाली नदीको तोकिएका क्षेत्रहरु (साईपुर घाट, टी.न.पा., वडा नं.५ र पुरानो मसानघाट, टी.न.पा., वडा नं.७ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री | २४,१२०.८७ | ५१,१३,६२५।- (अक्षरेपि एकाउन्न लाख तेह्र हजार छ सय पच्चिस मात्र) | ३,०००।- (अक्षरेपि तीन हजार मात्र) | २०८२।१०।०९ (23 Jan. 2025) दिनको २:०० बजे |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

ठेक्का सम्बन्धी सर्तहरु:-

१. इच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले E-Bid मार्फत बोलपत्र फाराम पेश गर्दा कम्पनी दर्ता प्रमाण पत्र, मू.अ.कर (VAT) दर्ता प्रमाणपत्र र आ.व.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी संलग्न राखी तोकिएको बोलपत्र सम्बन्धी कागजातको दस्तुर नगदै रु.३,०००।- (पछि फिर्ता नहुने गरी) यस टीकापुर नगरपालिकाको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको आन्तरिक राजश्व खाता नम्बर १०७०३०००००१००१०००००१ मा जम्मा गरी भौचर तथा माथि उल्लेखित कागजात स्क्यान गरी मिति २०८२।१०।०९ गते मध्यान्ह १२:०० बजे भित्र पेश गर्नु पर्नेछ ।

२. E-Bid मार्फत बोलपत्र दाखिला गर्ने बोलपत्रदाताहरुले कबोल रकम (मू.अ.कर सहित) को ५ प्रतिशतले हुन आउने धरौटी रकम नगदै भए यस टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको नाममा नेपाल बैंक लि., टीकापुर शाखामा रहेको धरौटी खाता नम्बर १०७०३००००६३०००००००००१ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मिति देखि १२० दिन मान्य अवधि भएको बैंक जमानत (बिडबण्ड) धरौटी स्वरुप पेश गर्नु पर्नेछ ।

३. तोकिएको समय भित्र E-Bid मार्फत पेश भएका बोलपत्रहरु टीकापुर स्थित सरकारी कार्यालयका प्रतिनिधि र उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा मिति २०८२।१०।०९ गते दिउँसो २:०० बजे खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

५. बोलपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नामबाट दाखिला गर्नु पर्नेछ । कबोल रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

६. प्रि-बिड बैठक २०८२।०९।२८ गते दिउँसो १:०० बजे यस कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी प्राप्त गर्न सकिनेछ । उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७. यस कार्यालयको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. बोलपत्रदाताले सम्झौता गर्न आउँदा कबोल रकममा लाग्ने पुरै कर रकम (मू.अ.कर र अग्रिम आय कर) दाखिला गरेको सक्कलै भौचर पेश गर्नु पर्नेछ । साथै कबोल रकम २ (दुई) किस्ता गरी यस कार्यालयलाई बुझाउनु पर्नेछ । पहिलो किस्ता कबोल रकमको ५० (पचास) प्रतिशत र दोस्रो किस्ता कबोल रकमको ५०(पचास) प्रतिशत हुनेछ । पहिलो किस्ता बापतको ५० प्रतिशत रकम सम्झौता हुनु अगावै र दोस्रो किस्ता बापतको ५० प्रतिशत रकम २०८३ जेठ मसान्तसम्म बुझाउनु पर्नेछ । पहिलो किस्ता नगदै र दोस्रो किस्ताको हकमा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको २०८३ साल श्रावण मसान्त सम्म मान्य अवधि भएको पर्फमेन्स वण्ड (बैंक ग्यारेन्टी) सम्झौता हुनु अगावै पेश गर्नु पर्नेछ ।

९. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन यस कार्यालय बाध्य हुने छैन ।

१०. बोलपत्रदाताले नदीजन्य पदार्थ उत्खनन् तथा संकलन हुने घाटगद्दी स्थल सम्बन्धी खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ र कर संकलन गर्ने दर प्रति घनमिटर मू.अ. कर बाहेक रु.२१२।- (अक्षरेपि दुई सय बाह्र मात्र) हुनेछ । उक्त रकममा मू.अ.कर थप गरी कर संकलन गर्नु पर्नेछ । मू.अ.कर बाहेकका अन्य कर तथा दस्तुर तिर्नुपर्ने भए ठेकेदार स्वयंले तिर्नु पर्नेछ ।

११. यस ठेक्काको अवधि ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ । २०८३ आषाढ महिना भर नदीबाट उत्खनन् गर्न पाईने छैन तर उत्खनन् तथा संकलन भएका नदीजन्य पदार्थ मौज्दात प्रमाणित गराई बिक्री वितरण गर्न प्रतिबन्ध लगाईने छैन ।

१२. ठेक्का अवधि भर बोलपत्रदाताले ठेक्का तोड्न पाउने छैन । बिचैमा बोलपत्रदाताले ठेक्का तोडेमा निजबाट असुल हुन बाँकी रकममा १० (दश) प्रतिशत ब्याज जोडी असुल उपर गरिनेछ । यसरी ठेक्का तोडिन गई बाँकी अवधीका लागि ठेक्का वा अन्य ब्यवस्था गर्दा निजले कबोल गरे भन्दा कम रकम उठन गएमा सो कम रकम पनि ठेक्का तोड्नु पूर्वको बोलपत्रदाताबाट असुल उपर गरिनेछ ।

१३. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार तोकिएको परिमाण र क्षेत्रभित्र मात्र सिमित रही नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ । सो तोकिएको परिमाण तथा क्षेत्र भन्दा बाहिर गई नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

१४. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन समय बिहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ । साथै बिहान सूर्योदय भन्दा अगाडि र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाईने छैन ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल



प्रमुख प्रशासकीय अधिकृत

१५. सडक, पुल तथा झोलुङ्गे पुलको एक किलोमिटर तल र पाँचसय मिटर माथिको नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन र तोकिएको स्थानबाट तोकिएको मापदण्ड भन्दा गहिरो नहुने गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्नु पर्नेछ । साथै महत्वपूर्ण राष्ट्रिय राजमार्गहरुमा सुख्खा नदीजन्य पदार्थ मात्र ओसार पसार गर्नु पर्नेछ ।

१६. नदी, खोलाको घाट वा आकृति बिग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा, गिट्टी, बालुवा झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमति लिनु पर्नेछ । नगरपालिकाको अनुमति नलिई ठुला मेसिन/ उपकरण प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन ।

१७. यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनमा तोकिएको कर्णाली नदी किनाराका देहायका २ (दुई) वटा घाटगद्दी स्थलहरु बाहेक अन्य स्थानबाट यस ठेक्का बमोजिमको ठेकेदार पक्षले नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गर्न पाईने छैन । यसरी घाटगद्दी स्थल तोकिएको स्थान बाहेक अन्यत्रबाट नदीजन्य पदार्थहरु (ढुंगा,गिट्टी तथा बालुवा) उत्खनन् तथा संकलन गरेको पाईएमा जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानीका साधनहरु जफत समेत गर्न सकिनेछ ।

१८. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम ढुंगा,गिट्टी,बालुवा उत्खनन् तथा संकलन गर्न तोकिएका २ (दुई) वटा घाटगद्दी स्थलहरुको अवस्थिति तथा विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिलः-

| क्षेत्र | स्थानीय घाटको नाम | उत्खनन् तथा संकलन गरिने बस्तु | जि.पि.एस अवस्थिति मध्ये विन्दु | उत्खनन् तथा संकलन परिमाण (घ.मि.) |
|---|---|---|---|---|
| साइट१ | साईपुर घाट, टी.न.पा., वडा नं.५ (संकेत नं.T54) | ढुंगा, गिट्टी तथा बालुवा | अक्षांश : २८°२७'३१.६९"<br>देशान्तर : ८१°६'५९.७७" | ३,३०२.५२ |
| साइट२ | पुरानो मसानघाट, टी.न.पा., वडा नं.७, (संकेत नं.T72) | ढुंगा, गिट्टी तथा बालुवा | अक्षांश : २८°२७'१०.३३"<br>देशान्तर : ८१° ५'३१.०३" | २०,८१८.३५ |
| कुल साधारण निर्माणमुखी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन परिमाण (घनमिटर) | | | | २४,१२०.८७ |

नोट: श्रोत - प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Initial Environmental Examination) अनुसार ।

१९. ठेकेदारले कर संकलन गर्ने स्थानमा कर संकलन गरिने नदीजन्य पदार्थहरुको मूल्यसहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । साथै नदीजन्य पदार्थ संकलन गर्ने घाटमा समय र परिमाण खुल्ने गरी होर्डिङ्ग वोर्ड ठेकेदार स्वयंले राख्नु पर्नेछ । यसरी उत्खनन् तथा संकलन गरेको परिमाणको विवरण मासिक रुपमा यस कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

२०. नदीजन्य पदार्थ उत्खनन् तथा संकलन र ढुवानीको लागि प्रयोग हुने सडकहरुमा खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धुलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्बन्धित ठेकेदारले गर्नु पर्नेछ । सो बापतको खर्च दावी गर्न पाईने छैन ।

२१. ठेक्का सम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाईएको पाईएमा कानून बमोजिम कारवाही हुनेछ ।

२२. ठेकेदारले प्रत्येक महिनामा उत्खनन् तथा संकलन गरेको नदीजन्य पदार्थको परिमाणको लिखित जानकारी यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै सोही समयमा यस कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नु पर्नेछ ।

२३. ठेकेदारले ढुंगा,गिट्टी,बालुवा उत्खनन् तथा बिक्री व्यवस्थापन सम्बन्धी कानूनमा तोकिएको मापदण्ड बमोजिम उत्खनन, संकलन तथा बिक्री परिमाणको दैनिक अभिलेख राख्नु पर्नेछ । साथै यस कार्यालय वा सरोकारवाला अन्य निकायबाट अनुगमन हुँदा उक्त अभिलेख देखाउनु पर्नेछ ।

२४. विपद् व्यवस्थापन तथा अति आवश्यक बाटो मर्मतका लागि यस नगर कार्यपालिकाको कार्यालयले आफ्नो स्रोत र साधन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी मर्मत गर्न सक्नेछ । उक्त कार्यको लागि कुनै किसिमले बाधा पर्नेछैन ।

२५. ठेकेदारले प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसारको परिमाण सुदूरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा यस कार्यालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

२६. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुंगा,गिट्टी,बालुवा आदि छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२७. ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नु पर्नेछ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२८. ठेकेदारले कामदारहरुका लागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनु पर्नेछ ।

२९. ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोर्नु पर्नेछ ।

३०. ठेकेदारले कार्यालय, व्यवसायी तथा सम्बन्धित सबै सरोकारवाला सँग शिष्ट तथा सम्मानित व्यवहार गर्नु पर्नेछ । यस कार्यालय र ठेकेदार बिच भएको सम्झौता बमोजिम ठेक्का सञ्चालन नभए/ नगरेमा यस कार्यालयले जुनसुकै समयमा पनि ठेक्का सम्झौता अन्त्य गर्न सक्नेछ ।

३१. ठेकेदारले ढुंगा,गिट्टी,बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन सहित) मापदण्ड,२०७९ पालना गर्नु पर्नेछ ।

३२. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार टीकापुर नगरपालिकामा सुरक्षित रहनेछ ।

३३. ठेकेदारले नेपाल सरकार वा प्रदेश सरकार मातहतका कार्यालय तथा टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै यस कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस टीकापुर नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

३४. यसमा उल्लेख भएको विषय यसै बमोजिम र उल्लेख नभएको यस ठेक्का सम्बन्धी अन्य कुरा ठेक्का सम्झौता पत्र, सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०, रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२०, टीकापुर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

# LETTER OF BID

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
टीकापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
टीकापुर, कैलाली ।

मिति.......................

**बिषय: बोलपत्र प्रस्ताव पेश सम्बन्धमा ।**

तहाँ कार्यालयबाट मिति २०८२।०९।०९ मा प्रकाशित सूचना र बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित सर्त अनुसार गर्ने गरी आ.व.२०८२/८३ को तोकिएको अवधि (ठेक्का सम्झौता भएको मिति देखि २०८३ जेष्ठ मसान्तसम्म) का लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा कर्णाली नदीको तोकिएका क्षेत्रहरु (साईपुर घाट, टी.न.पा., वडा नं.५ र पुरानो मसानघाट, टी.न.पा., वडा नं.७ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री सम्बन्धी ठेक्का नं. TMO/NCB/IR/26/2082/083 को लागि मू.अ.कर बाहेक रु.....................................(अक्षरेपि..................................................................................मात्र) कबोल गरी यसै साथ संलग्न रहेको बोलपत्र प्रस्ताव पेश गरेको छु ।

बोलपत्रदाताको विवरण
आधिकारिक व्यक्तिको नाम :
फर्मको नाम: रजिष्टर्ड नं.:
प्रोप्राइटरको नाम : ठेगाना:
आधिकारिक दस्तखतः फर्मको छाप:
इमेल ठेगाना: सम्पर्क नं.:

टीकापुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

टीकापुर, कैलाली

सुदूरपश्चिमप्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन तथा बिक्री सम्बन्धी कार्यको लागि कबोल गरेको रकमको विवरण :**

| आन्तरिक आय ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् तथा संकलन गर्ने कूल नदीजन्य पदार्थको परिमाण (घनमिटर) | न्यूनतम ठेक्का रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) रु. | कबोल रकम ( मू.अ. कर बाहेक) रु. | | धरौटी रकम (मू.अ.कर सहितको कबोल अंकको ५ प्रतिशत) रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | | |
| TMO/NCB/IR/26/ 2082/083 | कर्णाली नदीको तोकिएका क्षेत्रहरु (साईपुर घाट, टी.न.पा., वडा नं.५ र पुरानो मसानघाट, टी.न.पा., वडा नं.७ बाट नदीजन्य पदार्थ (ढुंगा,गिट्टी,बालुवा) उत्खनन्, संकलन र बिक्री | २४,१२०.८७ | ५१,१३,६२५।- (अक्षरेपि एकाउन्न लाख तेह्र हजार छ सय पच्चिस मात्र) | | | | |

*ठेक्काका सर्तहरु अध्ययन गरी उल्लेखित सर्त पालना गर्ने मन्जुरीका साथ माथि उल्लेखित व्यहोरा बमोजिम रकम कबोल गरी बोलपत्र पेश गरेको छु । साथै आफु कुनैपनि ठेक्कापट्टा सम्बन्धी कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित ठेक्कापट्टा कारबाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको घोषणा गर्दछु भनी हस्ताक्षर गर्ने ..................*

फर्म (बोलपत्रदाता) को नाम र ठेगाना :-

प्रोप्राईटरको नाम, थर :-

आधिकारिक व्यक्तिको दस्तखत :-

इमेल ठेगाना :-

रजिष्टर्ड नं.:-

फोन/ सम्पर्क नं. :-

फर्मको छाप :-

मिति:-

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

संलग्न गर्नुपर्ने कागजातहरु:-

१. फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. बोलपत्र खरिद गरेको रसिद, धरौटीको सक्कल भौचरको स्क्यान प्रति वा बैंक ग्यारेन्टी (विड वण्ड) प्रति ।

३. आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

४. अख्तियारीनामा र स्व-घोषणा पत्र ।

५. LETTER OF BID

नोट : अन्य कुनै थप कुरा वा विवरण भए पेश गर्न सकिनेछ ।